# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## अमरगढी नगरपालिका
## डडेल्धुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा ,दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं.३७१ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
अमरगढी नगरपालिका,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले **अमरगढी नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू. २ करोड ६३ लाख २८ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१० लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७४ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.६६ लाख ४२ हजार र पेश्की रु १ करोड ११ लाख ५२ हजार बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.४ करोड ५९ लाख ३४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.७ करोड २२ लाख ६२ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## अमरगढी ,नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | ४२ | २६३२८ | ० | ० | ० | ४५ | ४२ | २६३२८ | १०३८ | ६६४२ | ७४९६ | ० | ० | १४१३८ | ११११५२ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ४५९३४ | ० | 0 | ४५९३४ | ० | २६३२८ | ७२२६२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अमरगढी नगरपालिका, डडेलधुरा , अमरगढी नगरपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| | | बेरुजु रकम | २६,३२८,३१८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ७,११,४७,६६१.४७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४४,५८,९२,६७२ | चालु खर्च | २७,७७,२१,१५२ |
| प्रदेश सरकारबाट अनुदान | ३,२५,०५,५५१ | पूँजीगत खर्च | २३,८०,४२,६८२ |
| राजश्व बाँडफाँट | ६,८७,८५,८१२.९५ | वित्तीय/अन्य व्यवस्था | १६,५०,५३,०७१ |
| आन्तरिक आय | १,७३,०१,४१८ | | |
| अन्य आय | ११,९२,५५,७६९.५ | | |
| कुल आय | ६८,३७,४१,२२३.४५ | कुल खर्च | ६८,०८,१६,९०५ |
| बाँकी मौज्दात | | ७,४०,७१,९७९.९२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तीय विवरण**<br>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस 2054 अमरगढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस अमरगढी नगरपालिका अन्तर्गत 11 वडा, ६० सभा सदस्य, १३९.३३ वर्गकिलोमिटर क्षेत्रफल तथा २१२४५ जनसंख्या रहेको छ। लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/24 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>वित्तीय विवरण–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSASbased ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चितकोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी ०किन गर्नुपर्दछ । तर स्थानीयतहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.71147661.47 मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.71147661.47 जिम्मेवारी सारेको देखियो । | |
| ३ | | | **बैक हिसाब मिलान नगरेको**<br>बैक हिसाब मिलान नगरेको–स्थानीयतह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी३।३१ | बैंक स्टेटमेण्ट अनुसार बाँकी ३।३१ | फरक |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | स्थानीय सञ्चितकोष खाता | 21778958।92 | 70923820।45 | (49144861।53) | | |
| | | | | २ | धरौटीखाता | 9601039।७७ | 8333816।77 | 1267223 | | |
| | | | | ३ | कोभिडकोष खाता | 293151 | 343184।60 | (50033।60) | | |
| | | | | ४ | कर्मचारी कल्याणकोष खाता | 5997986।23 | 5997986।23 | 0 | | |
| | | | | ५ | बिबिधकोष खाता | 12753280 | 12552272 | 201008 | | |
| | | | | ६ | आन्तरिक राजश्व खाता | 12301418 | 11674480।18 | 626937।82 | | |
| | | | | ७ | बाडफाडबाट प्राप्त राजश्व खाता | 0 | 497344।47 | (497344।47) | | |
| | | | | ८ | आन्तरिक अनुदान खाता | ० | 6170000 | -6170000 | | |
| | | | | ९ | चालु खर्च खाता | 4035509 | 11737085 | -7701576 | | |
| | | | | १० | पुजिगत खर्च खाता | 7310637 | 32353994।50 | (25043357।50) | | |
| | | | | | जम्मा | 74071979।92 | 160583984।2 | -86512004 | | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, ५ नियमावली, २३ कार्यविधि, ६ निर्देशिका र १ नर्म्स समेत ४८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीयतहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीयतहको सभामा पेश गरी छलफल गर्नुपर्ने र सभा सदस्यहरुमध्येबाट स्थानीयतहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेशसम्म गरेको देखियो। लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीयतहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नुपर्दछ। | |
| ६ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म 12 वटा ऐन, 2 वटा नियमावली, 10 वटा कार्यविधि लगायत 24 वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले २४ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ७ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 4 र यो बर्ष थप भएको 2 गरी कूल 6 विवाद दर्ता भएकोमा 5 वटा मात्र फछर्यौट भई 1 बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>योजना र कार्यान्वयना<br>योजना र कार्यान्वयन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>79</td><td>6892500</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>103</td><td>48325000</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>17</td><td>26800000</td></tr>
<tr><td>४</td><td>दश लाख देखि ५० लाख सम्मका योजना</td><td>6</td><td>14047000</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका</td><td>6</td><td>54000000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>211</td><td>101464500</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहमा उपाध्यक्ष।उपप्रमुख श्री संगिता कुमारी भण्डारीले २०७७।03।10 गते रु.69 करोड 84 लाख 19 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।3।31 मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।04।07 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **चौमासिक पूँजीगत खर्च**<br>चौमासिक पूँजीगत खर्च–आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च(रु.हजारमा)** | | | **आषाढ महिनाकोमात्र खर्च** |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| १ | बिभिन्न शिर्षकहरु | 238042 | 31408 | 38450 | 168183 | 99777 |
| २ | कूल खर्च: | 238042 | 31408 | 38450 | 168183 | 99777 |
| ३ | खर्च प्रतिशत | 75.58 | 23.18 | 21.13 | 55.67 | 23.09 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
क्षेत्रगत बजेट र खर्च-स्थानीयतहको एकीकृत, समानुपातिक र दिगोविकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्चमध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>69075000</td><td>50424173</td><td>73</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>275895500</td><td>226679350</td><td>82.16</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>231842168</td><td>131803532</td><td>56.85</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>6000000</td><td>5133623</td><td>85.56</td></tr>
<tr><td>संस्थागत विकास र सेवा प्रवाह</td><td>13319000</td><td>11287124</td><td>84.74</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td></td><td></td><td></td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>108287940</td><td>95569655</td><td>88.26</td></tr>
<tr><td>जम्मा</td><td>698419608</td><td>515763834</td><td>73.84</td></tr>
</table>
उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा 88.26 प्रतिशत र सबैभन्दा घटी पूर्वाधार विकासक्षेत्रमा 56.85 प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यान्वयन हुनेगरी बजेट व्यवस्थापन गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रू.1,73,01,418 राजस्व बाँडफाँड र 6,87,85,812।95 अनुदानबाट रू.47,83,98,223-समेत रू.62,33,31,697।42 आम्दानी भएकोमा चालुतर्फ रू.27,77,21,512 र पूँजिगततर्फ रू.23,80,42,682 र बित्तिय ब्यबस्थातर्फ रू.0- समेत रू.51,57,63,834 खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा 3.03 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१,६१,९६,९०० खर्च भएको छ जुन आन्तरिक आयको 93.61 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट-90.22 प्रतिशत चालु र 60.94 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| १३ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु.2440825 कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । | |
| १४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ४ पदमा ५६ जना कर्मचारीहरु करारमा राखी रु.1,18,74,180 खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । कार्यालयले दरबन्दी बेगर तलब भत्ता खर्च गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कल्याणकोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीयतहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याणकोषमा रु.10 लाख बजेटमा रहेपनि ट्रान्सफर गरेको छैन । | |
| १६ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । आश्यवक कार्यविधि निर्माण गरी नियमित गर्नुपर्ने रु. | ३७२,००० |
| १७ | | | **आन्तरिक लेखापरीक्षण**<br>आन्तरिक लेखापरीक्षण-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । यस नगरपालिकाले यस आर्थिक बर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराए पनि आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले प्रशासनमा कार्यरत अधिकृत छैटौ श्री लाल बहादुर साँउदबाट आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षण पारीश्रमिक बापत रु २०००० भुक्तानी समेत गरेकोलेले खर्च नियमसम्मत हुन सक्ने देखिएन गराउन मिल्ने देखिएन । | २०,००० |
| १८ | | | **वडा सचिवको पदपूर्ति**<br>वडा सचिवको पदपूर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडासचिवको पदपुर्ति समयमा हुन नसक्दा स्थानीयतहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हुनेभएकोले कर्मचारी व्यवस्थापन हुनुपर्दछ । | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| 11 | 11 | 11 | 0 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>स्थानीय तथ्याङ्कअभिलेख तथा स्रोत नक्साङ्कन<br>अभिलेख तथा स्रोत नक्साङ्कन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्यश्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्क नगरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीयतहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्यसूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ:
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृतघरनक्सादर्तापास</td><td>25</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>1202</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>289</td></tr>
<tr><td>बसाईसराईदर्ता</td><td>396</td></tr>
<tr><td>विवाहदर्ता</td><td>282</td></tr>
<tr><td>सम्बन्धविच्छेददर्ता</td><td>0</td></tr>
<tr><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | **प'र्वाधारविकाससडकनिर्माण** | | | |
| | | | | कालोपत्रेसडकनिर्माण | 380मि. | | |
| | | | | कालोपत्रेसडकमर्मत | 0 | | |
| | | | | ग्राभेलसडकनिर्माण | 800मि | | |
| | | | | ग्राभेलसडकमर्मत | कि.मि. | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन। | | | | |
| २१ | | | **पदाधिकारी अन्य सुविधा**<br>पदाधिकारी अन्य सुविधा–स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी(पहिलो संशोधन)ऐन, २०७६ मा स्थानीयतहका पदाधिकारीहरुले अनूसूची-१ मा उल्लेख भएकोभन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएकोभन्दा बढी हुने गरी पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु. 3420000 खानेपानी तथा बिजुलीमा रु.1800000 अतिथि सत्कारमा रु.2180000 गरी रु. 7400000 भुक्तानी भएको छ । | | | | |
| २२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.2600000 खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | | | | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्नपाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीयतहले उपचार प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.100000 आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न 4 वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू.3600000 विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादन मूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनुपर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको 0.92 प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दानभेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नुपर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरुलाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनुपर्दछ । | |
| २५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहाय अनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु 6822000 खर्च लेखेका छन।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतह बाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| २६ | | | **अमरगढी पार्क निर्माण**<br>गत बर्ष २०७६/७७ को ठेक्का नम्बर ८, शाही निर्माण सेवालाई अघिल्लो बर्ष प्रथम रनिङ बिल बापत रु १७,१५,९७७/- र यस बर्ष २०७७/७८ मा दोश्रो र तेश्रो रनिङ बिल बापत रु ५०,६४,३६६/- समेत हाल सम्म रु ६८,८०,३४३/- भुक्तानी भएको छ । उक्त निर्माण व्यबसायीसंग भएको सम्झौता फाईल लेखापरीक्षणार्थ पेश नभकोले सम्झौता फाईल पेश गर्नु पर्ने रु | ६,८८०,३४३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>टुक्रा पारी निर्माण कार्य<br>टुक्रा पारी निर्माण कार्य: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिशर्धालाई सिमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद वा निर्माण कार्य गर्न नहुने व्यबस्था छ । यस नगरपालिकाले डकले-सल्लाघारी सडक निर्माण गर्न एस. के कन्स्ट्रक्सनसंग २९ आषाढ २०७७ मा भएको सम्झौता अनुसार भ्याट समेत रु ८४,४८,१५३/४६ मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा २०७७/१२/१० मा रु १४,५५,२०१/६६ को भेरिएसन अडर स्विकृत गरी मू.अ. कर समेत रु १,००,९२,५३१/८६ नयाँ सम्झौता रकम कायम गरी कार्य अघि बढाएको पाईयो । निज निर्माण ब्यबसायीले भेरिएसन आदेश समेतको कार्य २०७७/१२/२९ मा सम्पन्न गरी सकेकोमा उक्त सडक खण्डमा पहिरो संरक्षण कार्यको लागि ह्युमपाईप र ग्याबियन बक्स सहित निम्न निर्माण ब्यबसायीबाट ३ वटा कोटेसनको कार्य समेत रु १४,८१,०००/- भुक्तानी भएको छ ।यसरी भेरिएसन भित्र नपरेको छुट्टै कार्य गराउन मिल्ने आधार सहित टुक्रा टुक्रा पारी कार्य गर्नुले अनियमित भएको रु<br>
<table>
<tr><th>सि.न</th><th>भौ.न र मिति</th><th>निर्माण ब्यबसायी</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>४४०/२०७८/३/२९</td><td>जयलक्ष्मी निर्माण सेवा</td><td>४९४०००</td></tr>
<tr><td>२</td><td>४३९/२०७८/३/२९</td><td>एस. के. कन्स्ट्रक्सन</td><td>४९३०००</td></tr>
<tr><td>३</td><td>४४१/२०७८/३/२९</td><td>आर.बी निर्माण सेवा</td><td>४९४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४८१०००</td></tr>
</table></td><td>१,४८१,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **करतथाशुल्कअसुली**<br>करतथाशुल्कअसुली–<br>स्थानीयसरकारसंचालनऐन,२०७४कोदफा५५,५७,५८र५९माएकीकृतसम्पत्तिकररघरजग्गाकर,घरजग्गावहालकर,व्यवसायकररवहालविरौटीशुल्कउठाउनेव्यवस्थारहेकोछ। तीआयशीर्षकमाआयअनुमानरअसुलीस्थितिनिम्नानुसाररहेकोदेखिन्छ।<br><br>**आयशीर्षक** / **अनुमान** / **असुली** / **असुलीप्रतिशत**<br>एकीकृत सम्पत्ति कर / 3000000 / 3126658 / 4.22 बढी<br>घरजग्गा वहाल कर, / 2500000 / 3902292।21 / 56.09 बढी<br>व्यवसाय कर / 2000000 / 1603368 / 80.16<br> / 7500000 / 8632318.21 / <br><br>पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ । | |
| २९ | | | **प्रमाण पेश गर्नुपर्ने**<br>मु.अ.कर नियमावली २०५३ को नियम १७ अनुसुचि ५ को ढाचामा छापिएको मु.क.कर जारी गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले भौ.न. ५७ (२०७७।०९।२५) मा गोदावरी मेडिसिन सप्लायर्स (६००२६८०८०) को ४९२९३७।०० भुक्तानी गर्दा हातैले लेखेको बिजक २४ २५ र २६ मा भ्याट ३१०००७।६३ भुक्तानी भएकाले आ.रा.का.को सो मिति र रकमको कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु ३१००७।६३ | ३१,००७.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **मूल्य अभिवृद्धिकर कट्टी**<br>मूल्य अभिवृद्धिकर कट्टी–आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखि को ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | |
| ३१ | | | **बढी भुक्तानी**<br>गो भौ नं. ८ २०७७/५/१९: भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(४) मा काजबाट कार्यालय फर्केको दिनको दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम मात्र भुक्तानी पाउने उल्लेख छ । यस नगरपालिकाका सवारीचालक टिकाजंग दाहाल र राम प्रसाद ओझाले दैनिक भ्रमण भत्ताको रकम भुक्तानी लिदाँ अन्तिम दिनको पनि पुरै भ्रमण भत्ता भुक्तानी लिएको पाइयो । अतः नियमविपरीत लिएको बढी भुक्तानी प्रतिव्यक्ती रु ७५० को दरले असुल गर्नुपर्ने रु.. | १,५०० |
| ३२ | | | **पदाधिकारीले अनुगमन भत्ता**<br>गो भौ नं. २७ २०७७/५/२२: सुदुर पश्चिम प्रदेशको स्थानीय पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन, २०७५ मा स्थानीय पदाधिकारीले आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाको अनुगमन गर्दा भत्ता नपाउने व्यवस्था गरेको छ ।नगरपालिकाले वडाहरुमा टोल विकास संस्थाको अनुगमन वापत देहायका पदाधिकारीले अनुगमन भत्ता भुक्तानि लिएकोले असुल गर्नुपर्ने रु.. | २२,५०० |

| क्र.स. | नाम थर पद | भुक्तानी रकम |
|---|---|---|
| १. | नगर प्रमुख बिश्वेश्वर प्रसाद ओझा | ७५०० |
| २. | नगर उपप्रमुख संगिता कुमारी भण्डारी | ७५०० |
| ३. | मनोरथ ब. खडायत | ७५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनियमित<br>गो भौ नं. ३२ २०७७/५/२३: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१३)मा अघिल्लो आर्थिक वर्षको खर्च चालु आर्थिक वर्षमा भुक्तानी गर्दा भुक्तानी बाँकीको विवरण तयार गरि प्रमाणित गरि राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले भुक्तानी बाँकीको विवरण तयार नगरी देहायबमोजिमका खर्च भुक्तानी गरेको रकम अनियमित रु..
<table>
<tr><th>गो भौ नं./मिति</th><th>खर्च विवरण</th><th>भुक्तानी पाउनेको विवरण</th><th>रकम र</th></tr>
<tr><td>३२- २०७७/५/२३</td><td>सवारी मर्मत खर्च</td><td>स चा तिलकराज बोहोरा</td><td>१५०३००</td></tr>
<tr><td>१७३-२०७७/६/१६</td><td>प्राविधिक कर्मचारीको फिल्ड भत्ता</td><td></td><td>३०३३००</td></tr>
<tr><td>१०७- २०७७/६/७:</td><td>अतिरिक्त काम गरेवापतको भत्ता वितरण</td><td></td><td>२०६०३०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६५९६३०</td></tr>
</table></td><td>६५९,६३०</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>दोहोरो बैठक भत्ता भुक्तानी<br>दोहोरो बैठक भत्ता भुक्तानीः गो भौ नं. ६४,७३ २०७७/५/२८,३०: नगरपालिकाले विभिन्न पदमा पदपुर्तीको लागी बैठक वापत एकै दिनको १ भन्दा बढी बैठक भत्ता भुक्तानी दिएको पाइयो । एकै मितिमा धेरै बैठक बसी भत्ता भुक्तानी लिनु नियमसम्मत नभएको रु..
<table>
<tr><th>मिति</th><th>बैठक संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>०५/२७/२०७७</td><td>४</td><td rowspan="3">१८७०००</td></tr>
<tr><td>०५/२८/२०७७</td><td>४</td></tr>
<tr><td>०५/२९/२०७७</td><td>२</td></tr>
</table></td><td>१८७,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **असुल हुनुपर्ने**<br>गो भौ नं. ८४ २०७७/६/१: भ्रमण खर्च नियमावली, २०६४ को दफा ७ (१) मा भ्रमण वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले तोकिएबमोजिमको दैनिक भ्रमण भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ। अनुसूची २ मा श्रेणीविहिन कर्मचारीले रु १००० को दरमा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था गरेको छ। नगरपालिकाले सवारी चालक तिलक राज बोहरालाई २०७७/४/२९ ३१ र ४/७ १४ सम्मको ८.२५ दिनको रु १२०० को दरमा भ्रमण भत्ता भुक्तानी लिएकोले असुल हुनुपर्ने रु.. | १,७०० |
| ३६ | | | **सोधभर्ना लिनुपर्ने**<br>गो भौ नं. ८४ २०७७/६/१: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ५७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलेवार रुपमा राख्नु पर्ने ब्यबस्था छ। नगरपालिकाले नगरपालिका, पदाधिकारी तथा सडक डिभिजन कार्यालय कुलपाते, डोटी लाई विपक्षी वनाई दायर गरेका विभिन्न मुद्धाको बहस पैरवी वापत सडक डिभिजन कार्यालय कुलपाते, डोटीबाट सोधभर्ना लिने भनी संलग्न निवेदनमा लगाएको तोक आदेशको आधारमा रु ५०००० भुक्तानी लेखेको छ। भुक्तानी को निर्णय नभएको तथा सोधभर्ना लिने भनी भुक्तानी दिएको रकम सोधभर्ना नभकोले सोधभर्ना लिनुपर्ने रु .. | ५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>महंगी भत्ता<br>महंगी भत्ताः गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता बापत देहायका कर्मचारीहरुलाई मासिक रु २००० का दरले रु ९६००० भुक्तानी गरेको छ । करारका कर्मचारीलाई सम्झौतामा उल्लेख नगरिएको मंहगी भत्ता असुल गर्नुपर्ने रु..<br>
<table>
<tr><th>नाम थर</th><th>पद</th><th>महिना</th><th>रकम</th></tr>
<tr><td>नन्दराम खत्री</td><td>यो. प्र. अ.</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>भिम बहादुर साँकी</td><td>व.स.</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>खगेन्द्र प्रसाद पन्त</td><td>व.स.</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>लोक राज पाठक</td><td>व.स.</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९६०००</td></tr>
</table></td><td>९६,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>मु.अ.कर कट्टि नभएको<br>६.५ प्रतिशत मु.अ.कर कट्टि नभएकोः गो भौ नं. १०८ २०७७/६/७: मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अन्तर्गत ठेक्का वा करार अन्तर्गत बस्तु तथा सेवा आपुर्ती वापतको मुल्य अभिवृद्धि कर १३ प्रतिहत रकम मध्ये ६.५ प्रतिशतले हुने रकम कार्यालयबाट आपुर्तिकर्ताको नाममा कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मेसीनरी तथा औजार खरिद वापत रु ९३८०१९ दिपेश इन्फोसिसलाई भुक्तानी दिएकोमा मु.अ.कर रु १०७९१३.८० को ६.५ प्रतिशत कट्टि गरी दाखिला नगरेकोले सम्वन्धीत फर्मको कर समायोजन पेश गर्नुपर्ने रु..</td><td>५३,९५६.९</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>विल समाबेश गर्नुपर्ने<br>गो भौ नं. ११३ २०७७/६/८: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ५७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलेवार रुपमा राख्नु पर्ने ब्यबस्था छ । नगरपालिकाले सूचना प्रकाशन वापत सिम्पल एण्ड मिडिया प्रा.लि. (६०९६०१५१४) लाई बिल नं. ८३, १०० र ००७ बाट रु १५६८४४ भुक्तानी दिइएकोमा सक्कल विल समाबेश गरेको पाइएन ।</td><td>१५६,८४४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **बढी भुक्तानी**<br>बढी भुक्तानीः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ५७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलेवार रुपमा राख्नु पर्ने ब्यबस्था छ । नगरपालिकाले देहायका भुक्तानीमा संलग्न विल भरपाई भन्दा बढी भुक्तानी गरेको पाइयो । वडा नं. ६ का वडा अध्यक्ष गोविन्दराज भट्टलाई पत्रपत्रीका छपाई वापत रु ४०००० भुक्तानफ दिएकोमा रु १०००० को मात्र बिल संलग्न रहेको पाइयो । बील भरपाइ बेगरको बढी भुक्तानी असुल गर्नुपर्ने रु .. | ३३,२०० |

| गो भौ नं./मिति | भुक्तानी विवरण | बिल समाबेश | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १४६- २०७७/६/१२ | वडा नं. ६ का वडा अध्यक्ष गोविन्दराज भट्टलाई पत्रपत्रीका छपाई वापत | १०००० | ४०००० | ३०००० |
| १८६-२०७७/६/३० | प्रप्रअ गणेश सिंह ऐरको सरुवा भ्रमण खर्च | ६००० | ७९०० | १९०० |
| १८८-२०७७/६/३० | बादल राना थारुको भ्रमण खर्च | १२५०० | १३८०० | १३०० |
| जम्मा | | | | **३३२००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **नमिल्दो नियुक्ती**<br>कार्यालयलाई थप वित्तिय भार पर्ने गरी कार्यालयमा करार कर्मचारी नियुक्त गर्दा स्वीकृत दरबन्दी अन्तर्गत रही आर्थिक अधिकार प्राप्त कार्यालय प्रमुख वा विभागिय प्रमुखले गर्नुपर्ने हुन्छ । नगरपालिकाको वडा नं. ३ का वडा सचिव गणेश दत्त पनेरुले जे.टी.ए मिना कुमारी बोहोरालाई मासिक रु. १५००० भुक्तानी गर्ने गरी नियुक्ती दिई तलव भुक्तानी गरेको पाइयो । अधिकार क्षेत्र बाहिर गइ गरिएको नियुक्ती बमोजिम गरिएको तलव भुक्तानी असुल गर्नुपर्ने रु.. | १८०,००० |
| ४२ | | | **बढी दरमा भ्रमण भत्ता भुक्तानी**<br>बढी दरमा भ्रमण भत्ता भुक्तानीः सुदुर पश्चिम प्रदेशको स्थानीय पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन, २०७५ को अनुसुची १ मा स्थानीय पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधा सम्वन्धी व्यवस्था रहेको छ । नगरपालिकाका पदाधिकारीले दैनिक भ्रमण भत्ता भुक्तानी लिँदा स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी लिएको पाइयो । प्रदेश कानुन विपरित बढी भुक्तान भएको दैनिक भ्रमण भत्ता असुल गर्नुपर्ने रु.. | ४३,५०० |

